# दुल्लू अस्पताल व्यबस्थापन समिति गठन आदेश
# २०७५

# दुल्लू नगरपालिका
## दुल्लू दैलेख

# दुल्लू अस्पताल व्यबस्थापन समिति (गठन) आदेश,

# २०७५

**प्रस्ताबना :**

दुल्लू नगरपालिका मातहतमा संचालन हुने दुल्लू अस्पतालको संचालन तथा ब्यबस्थापनका लागी व्यबस्थापन समिति गठन गर्न वाञ्छनिय भएकाले प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि नगरकार्यपालिकाको मिति २०७५।१०।२६ को बैठकबाट अनुमोदन गरीयो आदेश जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**: (१) यस आदेशको नाम दुल्लू अस्पताल व्यबस्थापन समिति (गठन) आदेश, २०७५ रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा**: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) अध्यक्ष भन्नाले दफा ३ बमोजिमको समितिका अध्यक्ष सम्झनु पर्छ ।

(ख) अस्पताल भन्नाले प्रदेश सरकारले जिम्मेवारी दिएको दुल्लू नगरपालिकाभित्र रहेको दुल्लू अस्पताललाई सम्झनु पर्छ ।

(ग) समिति भन्नाले स्वास्थ्य संस्था संचालनका लागी गठित समितिलाई सम्झनु पर्छ ।

(घ) सदस्य भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिब समेतलाई जनाउँछ ।

**३. दुल्लू अस्पताल व्यबस्थापन समिति गठन**: (१) दुल्लू अस्पताललाई व्यबस्थित रुपमा संचालन गर्न एक दुल्लू अस्पताल व्यबस्थापन समिति गठन गरिनेछ ।

(२) उपदफा (१)बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् ।

(क) दुल्लू नगरपालिकाको नगर प्रमुख – अध्यक्ष

(ख) दुल्लू नगरपालिकाको उप प्रमुख – सदस्य

(ग) दुल्लू नगरपालिका सामाजिक विकास समितिको संयोजक – सदस्य

(घ) अस्पताल रहेको सम्वन्धित वडाको वडा अध्यक्ष – सदस्य

(ङ) दुल्लू नगरपालिकाका वडा अध्यक्षहरु मध्ये अध्यक्षले मनोनित गरेको १ जना – सदस्य

(च) नगर उद्योग बाणिज्य संघको अध्यक्ष – सदस्य

(छ) संयोजक (आधारभूत स्वास्थ्य तथा सरसफाई ईकाइ दुल्लू नगरपालिका – सदस्य

(ज) महिला स्वयम सेविका हितकारी मञ्चको अध्यक्ष – सदस्य

(झ) दुल्लू अस्पतालको नर्सिङ ईन्चार्ज – सदस्य

(ञ) अध्यक्षले मनोनित गरको दुल्लू नगरपालिकाको कार्यपालिका दलित सदस्यमध्ये १ जना – सदस्य

(ट) दुल्लू अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट – सदस्य सचिब

**४. दुल्लू अस्पताल व्यबस्थापन समितिको काम, कर्तब्य र अधिकार**ः (१) दुल्लू अस्पताल व्यबस्थापन समितिको काम , कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अस्पतालको व्यबस्थापन र संचालन गर्ने ।

(ख) अस्पताल विकासका लागी अल्पकालीन तथा दिर्घकालीन योजना तर्जुमा गर्ने, गराउने ।

(ग) अस्पताल व्यबस्थापन र संचालनका लागी आवश्यक स्रोत तथा साधन जुटाउने ।

(घ) अस्पतालको बजेट स्वीकृत गर्ने ।

(ङ) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने ।

(च) अस्पतालमा संचालनहुने फार्मेसीलाई व्यबस्थीत गर्ने ।

(छ) अस्पतालमा आवश्यक पर्ने औषधि तथा उपकरणको आपुर्तिलाई नियमित तथा प्रभावकारी बनाउने ।

(ज) अस्पतालको भौतीक सम्पतीको संरक्षण तथा मर्मत संभार गर्ने ।

(झ) अस्पतालमा रहेको एम्बुलेन्स तथा शब बहानको व्यबस्थापन र संचालन गर्ने ।

(ञ) समिति तर्फका कर्मचारीका लागि कर्मचारी प्रशासन नियमावली तथा आर्थिक प्रशासन नियमावली बनाउने ।

(ट) अस्पतालको आर्थिक प्रतिवेदन नगर सभामा पेश गर्ने ।

(ठ) स्वास्थ्य सेवा संचालनको लागि आवश्यक अन्य कार्य गर्ने ।

(२) समितिलाई दफा १६ बमोजिम प्राप्तहुने स्रोतबाट अस्पतालको सेवा गुणस्तरीय तथा प्रभाबकारी बनाई अस्पतालको दिगो विकास गर्नु समितिको कर्तब्य हुनेछ ।

**५. समितिका सदस्यको पदावधि** : सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरु पुनःअर्को अबधिका लागि मनोनित हुन सक्नेछन् ।

**६. समितिका सदस्यको पद रिक्त**: समितिका सदस्यको कार्य जिम्मेवारी सन्तोषजनक नभएमा र दुल्लू नगरपालिकाको हित विपरित कार्य गरेमा दुल्लू नगरपालिकाले पदबाट हटाउन सक्नेछ तर त्यसरी पदमुक्त गर्दा निजलाई उचित सफाईको मौका प्रदान गरिनेछ ।

**७. कर्मचारी सम्बन्धी व्यबस्था**: (१) दुल्लू अस्पतालको आबश्यकता र स्रोत साधनको परिधिभित्र रहि समितिले कर्मचारी व्यबस्थापन गर्न सक्नेछ ।

(२) समिति अन्तरगत रहने कर्मचारीको नियुक्ति, पारिश्रमीक, सेवाशर्त तथा सुबिधा समितिले बनाएको कर्मचारी प्रशासन विनियमावली बमोजिम हुनेछ । यस्तो सेवा सुबिधा समितिको आफ्नै स्रोत र कोषबाट उपलब्ध गराईनेछ ।

**८. समितिको बैठक र निर्णय**: (१) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) समितिको एक तिहाई सदस्यले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्ष पद रिक्त रहेको अबस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले अध्यक्षता गर्ने गरि सदस्य सचिबले समितिको बैठक आबश्यकता अनुसार बोलाउनु पर्नेछ ।

(४) समितिको बैठकको कुल सदस्यको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्यहुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको सदस्य सचिबद्धारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठक कम्तीमाएक महिनामा एक पटक बस्नेछ ।

(८) समितिले आबश्यक देखेमा समितिको कामसँग सम्बन्धीत कुनै बिशेषज्ञलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिका सदस्यहरुले नियमानुसार बैठक भत्ता पाउनेछन् । त्यस्तो बैठक भत्ता मासिक रुपमा बढिमा दुई वटा मात्र हुनेछ ।

(१०) समितिको बैठकमा अपनाईने अन्यकार्यबिधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**९. समितिको कोष**: (१) समितिको आफ्नो एउटा छुटटै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार बाट प्राप्त रकम,

(ख) अस्पतालले प्रदान गरेको बिभिन्न सेवाबाट प्राप्त गरेको रकम,

(ग) दातृसंस्थावादाताहरुले प्रदान गरेको रकम

(घ) अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ङ) अन्यश्रोतबाट प्राप्त रकम ।

(३) समितिको कोषमा जम्माभएको रकम दुल्लू नगरपालिकाकाले तोकेको सरकारी कारोबार गर्ने बैंकमा खाता खोली राख्नु पर्नेछ ।

(४) समितिको खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ ।

(५) कुनै विदेशी सरकार वा अन्तराष्ट्रिय संस्थाबाट रकम प्राप्त गर्नु अघि नेपाल सरकार र दुल्लू नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(६) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रमको लागी रकम प्राप्त भएको छ सो रकम सोहि कार्यक्रमका लागि खर्च गर्नुपर्नेछ ।

(७) कोषको खाता संचालन समितिका सदस्य सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१०.लेखा र लेखा परिक्षण**: (१) समितिको आयब्ययको लेखा दुल्लू नगरपालिकाले अपनाएको लेखा प्रणाली बमोजम राखिनेछ ।

(२) समितिको आन्तरीक लेखा परिक्षण दुल्लू नगरपालिकाले र अन्तिम लेखा परिक्षण महालेखा परिक्षण कार्यालयले गर्नेछ ।

**११. अधिकार प्रत्यायोजन** : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१२. दुल्लू नगरपालिका संग सम्पर्क**: समितिले दुल्लू नगरपालिका संग सम्पर्क गर्दा आधारभूत स्वास्थ्य तथा सरसफाई ईकाइ मार्फत राख्नुपर्नेछ ।

**१३. विनियम बनाउन सक्ने :** समितिले आफ्नो कार्य संचालनका लागी कर्मचारी प्रशासन विनियमावली, आर्थिक प्रशासन विनियमावली लगायतका अन्य विनियमावली बनाउन सकनेछ तर त्यस्तो बिनियमावली दुल्लू नगरपालिकाबाट स्वीकृत भएपछि मात्रलागु हुनेछ ।

**१४. खारेजी र बचाउ** :(१) यस अघि गठन भएको समिति स्वतः खोरेज गरिएको छ ।

(२) समितिका नामबाट भए गरेका काम, कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।